# लघु कर्जामा पहुँच तथा बजारीकरण सेवा सम्बधी कार्यक्रम

## प्रतिवेदन

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिराहा
मधेश प्रदेश,

**<u>कार्यक्रम पृष्ठभूमि:</u>**

स्थानीय स्तरमा रहेका विपन्न, न्यून आय भएका तथा स्वरोजगारमा संलग्न व्यक्ति तथा समूहहरूलाई आर्थिक रूपमा सक्षम बनाउन लघु कर्जामा सहज पहुँच तथा उत्पादित वस्तुहरूको उचित बजारीकरण आवश्यक हुन्छ। स्थानीय स्रोत, सीप र श्रमको सदुपयोग गर्दै आयआर्जन तथा स्वरोजगारका अवसर सिर्जना गर्ने उद्देश्यले नवराजपुर गाउँपालिकाको आयोजनामा "लघु कर्जामा पहुँच तथा बजारीकरण सेवा सम्बन्धी १ दिने कार्यक्रम" सञ्चालन गरिएको हो ।

कार्यक्रममा लघु कर्जाको आवश्यकता, कर्जा प्राप्त गर्ने प्रक्रिया, कर्जाको सदुपयोग, वित्तीय अनुशासन, उद्यम सञ्चालन तथा स्थानीय उत्पादनको बजारीकरणका विषयमा सहभागीहरूलाई जानकारी तथा अभिमुखीकरण प्रदान गरिएको थियो ।

CamScanner

१. कार्यक्रमको नाम :- लघु कर्जामा पहुँच तथा बजारीकरण सेवा सम्बधी कार्यक्रम

२. कार्यक्रमको स्थान :- नवराजपुर गा.पा सिरहा

३. कार्यक्रमक संचालन मिति :- २०८३।०३।२५

४. कार्यक्रमको अवधि :- १ दिने

५. कार्यक्रमको स्रोत व्यक्तिहरु :- अमरनाथ महतो

६. कार्यक्रममा जम्मा सहभागी :- ५५ जना

## ❖ कार्यक्रमको उद्देश्य

- ➢ क्षित वर्गलाई लघु कर्जामा पहुँच सम्बन्धी जानकारी प्रदान गर्नु ।
- ➢ कर्जा प्राप्त गर्ने प्रक्रिया तथा आवश्यक कागजातबारे जानकारी गराउनु ।
- ➢ कर्जाको सही सदुपयोग तथा समयमै भुक्तानी गर्ने बानीको विकास गर्नु ।
- ➢ स्थानीय स्तरमा उत्पादन भएका वस्तु तथा सेवाको बजारीकरण सम्बन्धी ज्ञान प्रदान गर्नु ।
- ➢ उद्यम तथा स्वरोजगारका लागि सहभागीहरूलाई प्रोत्साहित गर्नु ।
- ➢ स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सम्भावनाबारे जानकारी गराउनु ।

## ❖ कार्यक्रम सञ्चालन

मिति २०८३।०३।२५ गते नवराजपुर गाउँपालिकामा १ दिने कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सम्बन्धित शाखाका प्रतिनिधि तथा लक्षित वर्गका सहभागीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रशिक्षक/सहजीकरणकर्ताबाट लघु कर्जाको परिचय, कर्जा लिन आवश्यक प्रक्रिया, कर्जाको सदुपयोग, बचत तथा वित्तीय व्यवस्थापन, उद्यम सञ्चालन र बजार व्यवस्थापनका विषयमा सहजीकरण गरिएको थियो। साथै सहभागीहरूले आफ्ना समस्या, जिज्ञासा तथा व्यवहारिक कठिनाइहरू राखेका थिए र ती विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश नेपाल

## ❖ कार्यक्रमका प्रमुख विषयवस्तु

कार्यक्रममा निम्न विषयहरूमा जानकारी तथा छलफल गरिएको थियो:

१. लघु कर्जाको अवधारणा तथा महत्त्व
२. लघु कर्जामा पहुँच प्राप्त गर्ने प्रक्रिया
३. कर्जा लिन आवश्यक कागजात तथा शर्तहरू
४. कर्जाको उचित तथा उत्पादनमूलक प्रयोग
५. बचत तथा वित्तीय अनुशासन
६. किस्ता तथा कर्जा भुक्तानी व्यवस्थापन
७. उद्यम तथा स्वरोजगार सञ्चालनका सम्भावना
८. स्थानीय उत्पादनको बजार पहिचान
९. उत्पादनको गुणस्तर, प्याकेजिङ तथा मूल्य निर्धारण
१०. स्थानीय तथा बाह्य बजारसँग उत्पादनलाई जोड्ने उपायहरू

## ❖ सहभागीहरूको सक्रियता

कार्यक्रममा सहभागीहरूले लघु कर्जा प्राप्त गर्ने प्रक्रिया, ब्याज तथा किस्ता भुक्तानी, उद्यम सञ्चालनका चुनौती तथा आफ्ना उत्पादनलाई बजारसम्म पुऱ्याउने विषयमा विभिन्न जिज्ञासा राखेका थिए। सहभागीहरूबीच अन्तरक्रिया तथा छलफल गराई व्यवहारिक समस्या पहिचान गर्ने र सम्भावित समाधानका उपायबारे जानकारी प्रदान गरिएको थियो ।

## ७. निष्कर्ष

लघु कर्जामा सहज पहुँच तथा उत्पादनको प्रभावकारी बजारीकरण स्थानीय आर्थिक विकासका महत्वपूर्ण आधार हुन्। एक दिने कार्यक्रमबाट सहभागीहरूलाई कर्जा प्राप्ति, वित्तीय व्यवस्थापन, उद्यम सञ्चालन तथा बजारीकरण सम्बन्धी आवश्यक जानकारी प्रदान गर्न सफल भएको छ ।

CamScanner

आगामी दिनमा पनि लक्षित वर्गको आवश्यकता र मागअनुसार यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय उत्पादनको प्रवर्द्धन, बजारसँगको सम्बन्ध विस्तार तथा उद्यमशीलता विकासमा गाउँपालिकाले थप पहल गर्न आवश्यक देखिन्छ ।

प्रतिवेदक

नाम : अमरनाथ महतो

नवराजपुर गा.पा. सिरहा

CamScanner